स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



चर्चित कथावाचक साइग्रेस पोखेलको श्रव्य-कथा 'अधुरो प्रेम'मा फिल्म बन्ने भएको छ। शनिबार काठमाडौंस्थित राष्ट्रिय सभागृहमा आयोजित 'वर्ड टुर विथ साइग्रेस'को ६०औं शृङ्खलामा साइग्रेस स्वयंले फिल्मको घोषणा गरेका हुन्। एक थिम पोस्टर सार्वजनिक गर्दै फिल्मलाई कोरियोग्राफर शिशिर खातीले निर्देशन गर्ने जानकारी गराइयो। खातीले यही फिल्मबाट निर्देशनमा डेब्यु गर्नेछन् । फिल्मका निर्माण नियन्त्रक मनोज जोशी हुन् ।

**आजको विचार...**



युवराज आचार्य

त्रिविवि...

*(दुई पेजमा)*

फिल्म 'हिरोपन्थी' (२०१४)बाट उदाएका अभिनेता टाइगर श्राफलाई त्यसबेला बलिउडको नयाँ "एक्सन सुपरस्टार"को संज्ञा दिइएको थियो । आफ्नो छरितो एक्सन र नृत्य कौशलका कारण छोटो समयमै उनको जबर्जस्त क्रेज बन्यो । तर, यतिबेला टाइगरको खराब समय चलिरहेको छ । उनका 'ब्याक टू ब्याक' फिल्म बक्स अफिसमा पिटिएका छन् । यसले उनको करिअर संकटमा पारेको छ । सन् २०२० मा आएको फिल्म 'बागी ३' कोरोना महामारीको मारमा पर्दा अपेक्षाकृत चलेन । यद्यपि, फ्लप पनि भएन ।



❐ वर्ष २९ ❐ अंक २९० ❐ २०८१ जेठ ७ गते सोमबार 20 May 2024, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### एम्बुलेन्सको ठक्करबाट महिलाको मृत्यु



**लुम्बिनी**, जेठ ६/पूर्वपश्चिम राजमार्ग अन्तर्गत बुटवल उपमहानगरपालिका-१३ स्थित भोलुङ्गे पुल नजिकै एम्बुलेन्सको ठक्करबाट एक जनाको मृत्यु भएको छ । इलाका प्रहरी कार्यालय बुटवलका अनुसार अर्घाखाँचीबाट बुटवलतर्फ बिरामी लिएर आउँदै गरेको लु १ ज ५३१ नम्बरको एम्बुलेन्सले बुटवल-१३ भोलुङ्गे पुल नजिकै ठक्कर दिँदा आइतबार बिहान बुटवल-११ देवीनगरकी ५६ वर्षीया कमला नेपालीको मृत्यु भएको हो ।

एम्बुलेन्सको ठक्करबाट अन्य दुईजना महिला घाइते भएका छन् । एम्बुलेसको ठक्करबाट घाइते कमलालाई उपचारका लागि लुम्बिनी प्रादेशिक अस्पतालमा ल्याइएकामा चिकित्सकले मृत घोषणा गरेका थिए । देवीनगरकै ५५ वर्षीया हरिकला नेपाली र ३५ वर्षीया भुपा ठटराई घाइते भएका छन् । उनीहरूको लुम्बिनी प्रादेशिक अस्पतालमा उपचार भइरहेको छ । एम्बुलेन्स चालक अर्घाखाँचीको पाणिनी गाउँपालिका-७ का नारायणबहादुर मगरलाई प्रहरीले नियन्त्रणमा लिएको छ । -रासस

# स्थानीय सरकार : आगो निभाउन दमकल छैन, जनप्रतिनिधिलाई महँगा गाडी

**रामचन्द्र रायमाझी**

**पाल्पा**, जेठ ६/पाल्पाको पूर्वखोला गाउँपालिका-६, हेक्लाङमा यही वैशाख १९ मा लागेको डढेलो बस्तीमा फैलिएपछि ३३ घरगोठ जलेर नष्ट भए । समयमै आगो निभाउन पालिकामा दमकल नहुँदा लाखौंको क्षति भयो । गुल्मीको इस्मा गाउँपालिका -२ र ४ मा पनि यही वैशाख ११ गते आगलागी हुँदा ७७ घरगोठ जलेर नष्ट भए । रेसुङ्गा नगरपालिकाको दमकल, सुरक्षाकर्मी र स्थानीय बासिन्दा जुट्दा पनि दुई दिनपछि मात्र आगो निभ्यो । सुख्खायाम लागेपछि देशभर वन र बस्ती जलिरहेका छन् । आगोमा परेर दिनहुँ दर्जनौं घर र सयौं हेक्टर वन क्षेत्र खरानी भइरहेको छ ।

**प्रदेशमा ८०३ घर जलेर नष्ट, ३१ को मृत्यु**

लुम्बिनी प्रदेशका १२ वटा जिल्लामा आगलागीबाट ८ सय ३ घर जलेर नष्ट भएका छन् । लुम्बिनी प्रदेश प्रहरी कार्यालय दाङका अनुसार चालु आर्थिक वर्षको साउन १ देखि वैशाख २२ सम्म १ हजार ३ सय २३ आगलागीका घटनामा ८ सय ३ घर जलेर नष्ट भएका हुन् । आगलागीबाट ६ सय १० गोठ पनि जलेका छन्, ३१ जनाको मृत्यु भएको छ भने १ सय ८ जना घाइते भएका छन् । यो वस्तीमा लागेको वा डढेलोमा परेर मृत्यु र घाइते भएको नभई विभिन्न समयमा (कुँडो पकाउँदा, खाना पकाउँदा) जलेर भएको घटनाको विवरण हो । यस्तै ८ सय ३७ चौपायाको पनि मृत्यु भएको प्रहरीले जनाएको छ । आगलागीबाट ६९ करोड ९१ लाख ८४ हजार २ सय ६९ रुपैयाँ बराबरको क्षति भएको छ ।

**पाल्पा र गुल्मीमा ९७ घर जलेर नष्ट, १० को मृत्यु**

पाल्पामा मात्र ५१ वटा आगलागीका घटना भएका छन् । तिनमा ३ जनाको मृत्यु भएको छ भने २ जना घाइते भएका छन् । यस्तै ३५ घर र ५६ वटा गोठ र ८४ पशुचौपाया समेत जलेका छन् । गुल्मीमा पनि १ सय ८३ वटा आगलागीका घटना भएका छन् । तिनमा ७ जनाको मृत्यु भएको छ भने १ जना घाइते भएका छन् । यहाँ ६२ घर र ९१ गोठ जलेका छन् । आगलागी भएको स्थान, आगो निभाउन खटिएको जनशक्ति, ज्यान गुमाएका मानिस, चौपाया र घर गनेर बसेका स्थानीय सरकार थप घटना नहुन भन्ने विषयमा सजग देखिदैनन् । विपद् व्यवस्थापनको काम स्थानीय सरकारलाई दिइएको भए पनि उनीहरूसँग पर्याप्त दमकल छैनन् । गुल्मीको रेसुङ्गा नगरपालिका, पाल्पाको तानसेन र रामपुर नगरपालिकामा मात्र दमकल छन् । अरु १९ वटा पालिकामा छैनन् । बरु उनीहरूले जनप्रतिनिधिका लागि बिलासिताका गाडी खरिदलाई प्राथमिकता दिएका छन् । ५० देखि ६५ लाख पर्ने ४१ भन्दा बढी गाडी यहाँका पालिकाले खरिद गरेका छन् ।

तानसेन नगरपालिकाका नगरप्रमुख सन्तोषलाल श्रेष्ठका अनुसार ठूलो आगलागी भएका बेला अन्य पालिकाले हाम्रै नगरको दमकल प्रयोग गर्ने गरेका छन् । यहाँका पालिकाका अधिकांश बस्ती तथा भागमा सडक पुगे पनि सबै ठाउँमा आगलागी हुँदा दमकल पुग्न सम्भव छैन । अर्कोतर्फ धेरै ठाउँमा एकैपटक आगलागी भयो भने पहिलो प्राथमिकता आफ्नै नगरपालिकालाई दिने गरेको छ । अन्य पालिकाहरूले जति हारगुहार गरे पनि समयमा दमकल पठाउँदैनन् ।

वैशाखको पहिलो हप्ता बगनासकाली गाउँपालिकाले पालिका क्षेत्रमा लागी रहेको आगो निभाउन दमकल पठाइदिन तानसेन नगरपालिकालाई आग्रह गरेको थियो । तर, नगरको दमकलले त्यतिबेला नगरपालिकाकै श्रीनगरडाँडामा आगो निभाइरहेको थियो । त्यो बेला दमकल जान सकेन र उक्त क्षेत्रमा ठूलो क्षति हुन पुग्यो । रामपुर नगरपालिकाको दमकल पनि आगलागी भइहाले नजिकका पालिकामा पठाउने गरिएको छ । दुई वटा नगरपालिका र दश वटा गाउँपालिका रहेको गुल्मीमा रेसुङ्गा नगरपालिकामा मात्र दमकल छ । जिल्लामा हुने घटनामा यही पालिकाको दमकल प्रयोग हुने गरेको छ । जनप्रतिनिधिहरू सडक पुर्‍याउन तँछाडमछाड गर्छन्, तर विपद्को पूर्वतयारीमा भने ध्यानै दिँदैनन् । दमकल किन्नेबारे स्थानीय तहले छलफलसम्म पनि चलाएका छैनन् । 'दमकल एकदमै आवश्यक छ, तर बजेट नभएकाले चुप बसेका छौं,' पाल्पाको बगनासकाली गाउँपालिकाकी अध्यक्ष सरस्वती चिदीले भनिन् ।

गुल्मीको चन्द्रकोट गाउँपालिकाका युवराज खत्री क्षेत्रीले बढी खर्चिलो हुने भएकाले दमकल किन्न निर्णय नगरेको बताए । उनले भने 'एउटा चालक, एउटा प्राविधिक राख्नैपर्‍यो । पालिकाले त्यो खर्च थेग्न सक्दैन ।' गुल्मीको इस्मा, चन्द्रकोट, छत्रकोट गाउँपालिकाले दमकलको विकल्पका रुपमा ट्याङ्कर खरिद गर्ने योजना बनाएका छन् । दमकल खर्चिलो हुने र सबै ठाउँमा पुर्‍याउन नसकिने भएकाले दमकल खरिदमा कुनै योजना नबनाएको तर ट्याङ्कर खरिदका लागि यस पटक बजेट विनियोजन गरिएको इस्मा गाउँपालिकाकी उपाध्यक्ष पार्वती कुंवरले बताईन् । अन्य पालिकाहरूले समेत पैसा नभएकाले दमकल किन्न नसकिएको बताउने गरेका छन् । ...बाँकी अन्तिम पेजमा

पाल्पा र गुल्मीका स्थानीय तहमा रहेका दमकल र ठूला गाडीको विवरण :

| क्रसं | स्थानीय तहको नाम | जिल्ला | दमकल संख्या | ठूला गाडीको संख्या |
|---|---|---|---|---|
| १ | तानसेन नगरपालिका | पाल्पा | १ | ३ |
| २ | रामपुर नगरपालिका | पाल्पा | १ | २ |
| ३ | बगनासकाली गाउँपालिका | पाल्पा | शून्य | ३ |
| ४ | रिब्दीकोट गाउँपालिका | पाल्पा | शून्य | १ |
| ५ | रैनादेवी छहरा गाउँपालिका | पाल्पा | शून्य | १ |
| ६ | तिनाउ गाउँपालिका | पाल्पा | शून्य | २ |
| ७ | माथागढी गाउँपालिका | पाल्पा | शून्य | १ |
| ८ | रम्भा गाउँपालिका | पाल्पा | शून्य | २ |
| ९ | निस्दी गाउँपालिका | पाल्पा | शून्य | १ |
| १० | पूर्वखोला गाउँपालिका | पाल्पा | शून्य | १ |
| ११ | रेसुङ्गा नगरपालिका | गुल्मी | १ | ३ |
| १२ | सत्यवती गाउँपालिका | गुल्मी | शून्य | १ |
| १३ | कालीगण्डकी गाउँपालिका | गुल्मी | शून्य | २ |
| १४ | मुसिकोट नगरपालिका | गुल्मी | शून्य | १ |
| १५ | मदाने गाउँपालिका | गुल्मी | शून्य | १ |
| १६ | चन्द्रकोट गाउँपालिका | गुल्मी | शून्य | १ |
| १७ | छत्रकोट गाउँपालिका | गुल्मी | शून्य | २ |
| १८ | गुल्मी दरबार गाउँपालिका | गुल्मी | शून्य | ६ |
| १९ | मालिका गाउँपालिका | गुल्मी | शून्य | २ |
| २० | धुर्कोट गाउँपालिका | गुल्मी | शून्य | १ |
| २१ | इस्मा गाउँपालिका | गुल्मी | शून्य | ३ |
| २२ | रुरु क्षेत्र गाउँपालिका | गुल्मी | शून्य | १ |

पाल्पा र गुल्मीमा आगलागी क्षतिको विवरण :

| क्र.सं | स्थानीय तहको नाम | जिल्ला | घर क्षति | गोठ क्षति | पशुचौपाया | [illegible] |
|---|---|---|---|---|---|---|
| १ | तानसेन नगरपालिका | पाल्पा | १ | ३ | | |
| २ | रामपुर नगरपालिका | पाल्पा | ७ | ६ | ५०० | |
| ३ | बगनासकाली गाउँपालिका | पाल्पा | | ३ | ३ | |
| ४ | रिब्दीकोट गाउँपालिका | पाल्पा | १ | १ | ३ | |
| ५ | रैनादेवी छहरा गाउँपालिका | पाल्पा | ३ | ११ | ५ | |
| ६ | तिनाउ गाउँपालिका | पाल्पा | | २ | ९ | |
| ७ | माथागढी गाउँपालिका | पाल्पा | ८ | ७ | | |
| ८ | रम्भा गाउँपालिका | पाल्पा | | २ | | |
| ९ | निस्दी गाउँपालिका | पाल्पा | १ | १ | | |
| १० | पूर्वखोला गाउँपालिका | पाल्पा | १४ | ३१ | | |
| ११ | रेसुङ्गा नगरपालिका | गुल्मी | | ३ | | |
| १२ | सत्यवती गाउँपालिका | गुल्मी | | १ | | |
| १३ | कालीगण्डकी गाउँपालिका | गुल्मी | १ | २ | | |
| १४ | मुसिकोट नगरपालिका | गुल्मी | ८ | ४ | १ | |
| १५ | मदाने गाउँपालिका | गुल्मी | ५ | ११ | | |
| १६ | चन्द्रकोट गाउँपालिका | गुल्मी | | १ | १ | |
| १७ | छत्रकोट गाउँपालिका | गुल्मी | ४ | ५ | ६४ | |
| १८ | गुल्मी दरबार गाउँपालिका | गुल्मी | ६ | ७ | ६ | |
| १९ | मालिका गाउँपालिका | गुल्मी | | ४ | | |
| २० | धुर्कोट गाउँपालिका | गुल्मी | ३ | ४ | | |
| २१ | इस्मा गाउँपालिका | गुल्मी | २८ | १९ | १३ | |
| २२ | रुरु क्षेत्र गाउँपालिका | गुल्मी | ५ | ३ | | |

## सेना रिसाएपछि सिडियो कहाँ पुगे दलहरु



**पाल्पा**, जेठ ६/पुरातत्व विभाग अन्तर्गत तानसेन नगरपालिकाले निर्माण गर्न थालेको पाल्पा दरवार परिसरको शितलपाटीदेखी जिल्ला प्रशासन गेटसम्मको सुरक्षा पर्खाल निर्माणको कार्य यति बेला विवादित बनेको छ । नेपाली सेनाले उक्त क्षेत्रामा मोड मिलाउन नदिएपछि उक्त निर्माण कार्य विवादमा परेको हो ।

नगरपालिकाले नेपाली सेनाको जग्गा मिचेर निर्माण कार्य अगाडि बढाएको भन्दै सेनाले निर्माण कार्य रोक्न भनेपछि उक्त कार्यले विवादको रुप लिएको छ । अहिले नगरपालिका काम अगाडि बढाउने नबढाउने भन्ने विषयमा अलमलमा परेको स्रोतले जनाएको छ । सो विषयलाई लिएर जिल्लाका राजीतिक दलहरु जिल्ला प्रशासन कार्यालय पुगेका छन् । कार्यालयमा उनीहरुको आईतबार सर्वदलीय बैंठक बसेको छ । प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा भएको बैंठकले निर्माण कार्यमा सहजीकरण गरेर अगाडि बढ्ने सहमति भएको बताइएको छ । नगर सरकारको अगुवाईमा तानसेनको सौन्दर्यकरण र ऐतिहासिक मूलगेट अनि दरबार परिसरका ऐतिहासिक स्थलहरुको पुर्ननिर्माण गर्ने काम भइरहेको छ । दरवार क्षेत्रमा पाँच वटा फरक-फरक क्षेत्रबाट काम भईरहेको छ । जिल्ला प्रशासनदेखी शितलपाटीसम्म घरटहरा भएको क्षेत्रमा तानसेन नगरपालिकाले ढुङ्गा विछ्याउने र दरवार अगाडि सडकमा नाली बनाउने काम गरेको छ । दरवार संग्रहालय अगाडि आगनमा ढुङ्गा विछ्याउने काम पाल्पा दरवार संग्रहालयले शुरु गरे पनि महिनौ वित्दासम्म अलपत्र अवस्थामा रहेको छ । ...बाँकी अन्तिम पेजमा

## पाल्पामा ९ हजार ४ सय ६७ बालबालिकालाई पोलियोविरुद्धको खोप लगाइँदै

**पाल्पा**, जेठ ६/यही जेठ १३ गतेदेखि सञ्चालन हुने पोलियो रोगविरुद्धको आइपिभी खोप कार्यक्रम अन्तर्गत पाल्पाका ९ हजार ४ सय ६७ बालबालिकालाई आइपिभी खोप उपलब्ध गराउने तयारी गरिएको छ । २०७३ वैशाखदेखि २०७५ असोजसम्मका बालबालिकालाई देशभर एकैसाथ सञ्चालन हुने पोलियो रोगविरुद्धको आइपिभी खोप उपलब्ध गराउने सरकारको निर्धारित कार्यक्रमअन्तर्गत पाल्पामा पनि खोप कार्यक्रम तय गरिएको हो ।



आइतबार स्वास्थ्य कार्यालय पाल्पाले आयोजना गरेको जिल्ला खोप समन्वय समिति तथा सञ्चारकर्मीसँगको अभिमुखीकरण कार्यक्रममा आइपिभी खोप अभियान र यसको तयारीका बारेमा जानकारी गराएको छ । तत्कालीन अवस्थामा खोप आपूर्ति बन्द भएकाले पोलियोविरुद्धको खोप लगाउन छुटेका बालबालिकालाई यही जेठ १३ गतेदेखि दुई हप्ते अभियानमा खोप लगाउन लागिएको जिल्ला खोप समन्वय समितिका सदस्य-सचिव एवं जनस्वास्थ्य कार्यालय प्रमुख डा. राजेन्द्र गिरीले बताए । उनका अनुसार नेपालमा सुईमार्फत लगाइने पोलियोविरुद्धको खोप (आइपिभी) आपूर्ति बन्द हुँदा उक्त संख्याका बालबालिका खोपविहीन बन्न पुगेका थिए ।

यहाँका रैनादेवी छहरा गाउँपालिकाका ८ सय ५५, निस्दी गाउँपालिकाका ६ सय २, रिब्दीकोट गाउँपालिकाका ५ सय २१, माथागढी गाउँपालिकाका ८ सय ४७, रामपुर नगरपालिकाका १ हजार ९ सय २१ बालबालिकालाई खोप दिइने स्वास्थ्य कार्यालयका प्रमुख डा. गिरीले बताए । यस्तै बगनासकाली गाउँपालिकाका ५ सय ६०, पूर्वखोला गाउँपालिकाका ५ सय ६८, तिनाउ गाउँपालिकाका ६ सय ९५, तानसेन नगरपालिकाका २ हजार २ सय ४० र रम्भा गाउँपालिकाका ६ सय ५८ बालबालिकालाई खोप लगाईने छ । १४ हप्ता र ९ महिना उमेर समूहका बालबालिका र छुट भएका ५ वर्ष उमेरभित्रका ४/४ महिनाको फरकमा खोप लगाइने छ । वि.सं.२०७३ वैशाखदेखि २०७५ असोजभित्र जन्मिएका बालबालिकालाई अभियान सञ्चालन गरी जेठ १३ गतेदेखि २७ गतेसम्म 'फुल-डोज'का रूपमा खोप लगाइने प्रमुख डा. गिरीको भनाइ छ । ...बाँकी अन्तिम पेजमा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

## सम्पादकीय

# नयाँ बजेटको अपेक्षा

सरकारले नयाँ बजेट ल्याउने तयारी थालेको छ । विगतमा जस्तै यस वर्ष पनि सरकारले आर्थिक वर्ष २०८१/०८२ का लागि बजेट तर्जुमाको प्रक्रिया सुरु गरेको छ । संविधानमा व्यवस्था भए बमोजिम जेठ १५ गते बजेट पेस गर्नुपर्ने प्रावधान छ । बजेटले वास्तवमा आगामी आर्थिक वर्षको आय र व्ययको अनुमानका अतिरिक्त सरकारले अवलम्बन गर्ने सरकारी खर्च र राजस्वका उद्देश्य र नीतिहरूलाई पनि समेट्ने गर्छ । बजेटमार्फत नै विभिन्न सरकारी कार्यालयहरू र विकास आयोजनाहरूमा रकम विनियोजन गर्ने गरिन्छ भने करका दरहरू निर्धारण गरिन्छ । यसले आर्थिक वर्षभरिकै सरकारको गतिविधिलाई मार्गदर्शन गर्छ । त्यसैले बजेट तर्जुमा गर्दा विभिन्न सरकारी लगायत गैरसरकारी संस्थाहरू र निजी क्षेत्रले समेत चासो दिने गर्छन् र आ–आफ्ना मागहरू प्रस्तुत गर्छन् । सरकार, खासगरी अर्थ मन्त्रालय बजेट तर्जुमाको सन्दर्भमा अहोरात्र खट्ने गर्छ । बडो मिहिनेतका साथ आकर्षित नाराहरूको छनोटसहित महत्वकांक्षी रूपमा लामै समय लिएर अर्थमन्त्रीमार्फत बजेट प्रस्तुत गरिन्छ । संसदमा पनि लामै समयसम्मको छलफलपछि स्वीकृत गरिन्छ ।

चालु आर्थिक वर्षका लागि सरकारले कस्तो नीति, कार्यक्रम तथा बजेट ल्याउँदै छ भन्ने चासो आमनागरिक वर्गमा छ । हुन पनि स्वभाविक नै हो । बजेट तथा कार्यक्रमले देश र जनताको आगामी दिशा निर्देश गर्दछ । आगामी बजेटले कमजोर बन्दै गएको अर्थतन्त्रलाई चलायमान बनाई माथि उठाउन, देश र जनताको आर्थिक स्थितिलाई सुधार गर्ने जस्ता अपेक्षा गरिएको छ । तर राजनीतिक द्वन्द्व, सत्ता समीकरणको जोड–घटाउ र लामो समयदेखि संसद् अवरुद्ध भइरहेको अवस्थामा सत्ता साझेदार दलहरुबीच बजेट र अर्थतन्त्र सुधारलगायतका विषयमा छलफलसमेत नभइरहेको स्थितिले आगामी बजेटबाट धेरै अपेक्षा गर्न सकिने अवस्था भने देखिँदैन । राजस्व संकलनको अवस्था सीमित छ, बाह्य सहयोग अनिश्चित रहँदा सरकारले सामान्य खर्च धान्नका निम्ति पनि आन्तरिक र बाह्य ऋण लिइरहनुपरेको छ । यस्तो अवस्थामा सरकारले अर्थतन्त्रलाई चलायमान बनाइराख्न सन्तुलित बजेट निर्माणमा ध्यान दिन जरुरी छ ।

## Opinion @ Social Network

अघाए पछि नुन चर्को लाग्नु र
मन भरे पछि बोलिमा झर्को लाग्नु कुनै नौलो कुरा होइन ।
*(दिपिका क्षेत्रीको फेसबुकस्टाटस https://www.facebook.com/Dipika.Xtri)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# त्रिविवि र यसको सुधारका सम्बन्धमा



## युवराज आचार्य

विश्वविद्यालय उच्च शिक्षा र अनुसन्धानको संस्था हो, जसले अध्ययन तथा अनुसन्धानका विभिन्न क्षेत्रमा कार्य गर्छ । नेपालमा १९७५ सालमा त्रिचन्द्र कलेजको स्थापना भएसँगै उच्च शिक्षाको प्रारम्भ भएको इतिहास छ । उच्च शिक्षाको प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाउन विभिन्न चारवटा मुख्य उद्देश्य राखेर २०१६ सालमा देशकै ठुलो तथा पुरानो विश्वविद्यालय अर्थात् त्रिभुवन विश्वविद्यालय (त्रिविवि) को स्थापना भएको थियो ।करिब १५५ हेक्टर क्षेत्रफलमा फैलिएको त्रिविविअन्तर्गत अहिले पाँचवटा संस्थान र चारवटा संकाय सम्मिलित ४० केन्द्रिय विभागहरू, ६२ वटा आङ्गिक क्याम्पसहरू र एक हजार ६२ वटा सम्बन्धन प्राप्त विभिन्न विषयका क्याम्पस सञ्चालित छन् । त्रिविवि नेपाल सरकारद्वारा लगानी गरी सञ्चालनमा ल्याएको एक गैरनाफामुखी संस्था हो, जसलाई २०१३ सालमै तत्कालीन सरकारले केन्द्रिय विश्वविद्यालय घोषणा गर्न सैद्धान्तिक सहमति जनाएको थियो । चारवटा अनुसन्धान केन्द्र रहेका तथा कार्यक्रमको विविधताका हिसाबले ठुलो संख्यामा विद्यार्थीका आवश्यकता पूरा गर्न सफल भएको दाबी गर्ने त्रिविविले १९ डिसेम्बर २०२३ का दिन ४९औँ दीक्षान्त समारोहको आयोजना गरी करिब ७४ हजार ७४९ विद्यार्थीलाई दीक्षित गरेर गिनिज बुक अफ वर्ल्ड रेकर्डसमा आफ्नो नाम लेखाउन सफल भयो ।

बर्सेनि करिब साढे तीन लाख विद्यार्थीले अध्ययन गर्ने यस विश्वविद्यालयले करिब १५ हजार १९६ शिक्षक तथा कर्मचारीलाई रोजगारी दिइरहेको छ । त्रिविविले आव २०८०/०८१ का लागि २६ अर्ब २४ करोड ९४ लाख रुपैयाँ बजेट विनियोजन गरेको थियो । जसबाट उसले आफ्ना नियमित कार्यक्रम सञ्चालानार्थ ५३ प्रतिशत, आन्तरिकतर्फ ४२ प्रतिशत र विकास कार्यक्रममा करिब पाँच प्रतिशत गरेर जम्मा तीनवटा मुख्य विधामा बजेट खर्च गर्दोरहेछ । कुल बजेटको ५० प्रतिशत आन्तरिक आम्दानीबाट उठ्ने रहेछ भने बाँकी ५० प्रतिशत रकम चाहिँ विश्वविद्यालय अनुदान आयोगमार्फत नेपाल सरकारलाई माग गरेपछि प्राप्त हुने रहेछ । सरकारबाट प्राप्त हुने अनुदान रकम कुनै कारणवश त्रिविविले माग गरेभन्दा कम प्राप्त भएमा वा त्रिविविको योजना मुताविकको रकम नेपाल सरकारले उपलब्ध गराउन नसकेमा विकास कार्यक्रमका लागि छुट्टयाइएको रकमलाई नियमित तथा आन्तरिक कार्यक्रम सञ्चालनका निम्ति उपयोग गर्नुपर्छ । यसो हुँदा विकास कार्यक्रम अन्तर्गतका अनुसन्धान, तालिम तथा वृत्ति विकासका निम्ति गरिने महत्त्वपूर्ण तथा अत्यावश्यक कार्यक्रम कटौती गर्नुपर्ने वा रोक्का नै गर्नुपर्ने अवस्था आउने रहेछ । त्रिविविको पहिलो मुख्य उद्देश्य 'नेपालको समग्र विकासका निम्ति आवश्यक सक्षम जनशक्ति तयार पार्ने' भन्ने कुरा सैद्धान्तिक रूपमा सकारात्मक देखिए पनि व्यावहारिक रूपमा भने पूरै फरक छ । त्रिविविले पढाउने पाठ्यक्रम नै नेपालको विशिष्टता अनुरूपका छैनन् । सबैजसो क्षेत्रमा विकासका कार्य न्यून मात्रामा भएका र हुनुपर्ने विकाससँग मेल खाने विषय पढाउन अत्यावश्यक रहे पनि त्रिविविले त्यो धारबाट बाहिर रहेर पाठ्यक्रमको विकास गर्ने र लागु गर्ने गरेको छ । जसले गर्दा देशभरका ७९ प्रतिशत विद्यार्थीको संख्यालाई प्रतिनिधित्व गर्ने त्रिविविले कुल विद्यार्थी संख्याको ८० प्रतिशत अनुत्पादक जनशक्तिहरू उत्पादन गरिरहेको छ । गुणस्तरीय उच्च शिक्षा प्रदान गर्नु त्रिविविको अर्को मुख्य उद्देश्य हो । देशको राष्ट्रिय आवश्यकता, विश्वविद्यालयको पाठ्यक्रम तथा त्यसबाट उत्पादित जनशक्तिको गुणस्तरलाई मध्यनजर गरेर शिक्षाको गुणस्तर मापन गर्नुपर्छ । नेपालको राष्ट्रिय आवश्यकता शारीरिक श्रम गरी जीविकोपार्जन गर्ने मानिसको जीवनस्तरलाई उकास्नु हो । त्यसका निम्ति नेपालमा आफ्नै मौलिकतामा आधारित रहेर पाठ्यक्रमको विकास गर्नुपर्छ । जसले राष्ट्रको विकासमा प्रत्यक्ष रूपमा सहयोग गर्न सकोस् । विभिन्न एनजीओ, आईएनजीओ तथा दातृ निकायको प्रत्यक्ष निगरानीका आधारमा व्यापक औद्योगिकीकरण भइसकेका तथा विकासका दृष्टिले सम्पन्न भइसकेर जीवनलाई सक्रिय राखिरहनका लागि पढ्ने खालका विषयवस्तु समावेश गरेर तयार पारिएका त्रिविविको पाठ्यक्रम र यसको भद्रगोल शैक्षिक प्रणालीले मास्टर्स डिग्री सकाए पनि मजदुरी गर्नका लागि बिदेसिनुपर्ने बाध्यतामा परेका युवालाई देशभित्रै रोक्न सकेको छैन । त्यसका साथै युवा पुस्तामा त्रिविविप्रतिको भरोसा कमजोर भई वार्षिक एक डेढ लाख विद्यार्थी उच्च शिक्षा आर्जनका निम्ति बिदेसिने गरेका छन् । 'राष्ट्रिय संस्कृति र परम्पराको संरक्षण तथा विकास गर्ने' भन्ने कुरा त्रिविविको तेस्रो मुख्य उद्देश्य हो । नेपालमा सामन्तवादको धरोहरको अवसान भए पनि त्यसका पक्षपोषकको अन्त्य हुन सकेको छैन । प्रत्यक्ष रूपमा सामन्तवादी संस्कार र संस्कृतिको पक्षपोषण गर्ने खालका पाठ्यसामग्री पाठ्यक्रमबाट हटाइए पनि पाठ्यक्रममा आमूल परिवर्तन गर्न सकिएको छैन । त्रिविविले हाल पठनपाठन गराइरहेका विषयवस्तुले नेपाली समाजको भित्री सांस्कृतिक पक्षलाई समात्न सकेका छैनन् । विभिन्न समुदायका सांस्कृतिक पक्षलाई सामान्य ढङ्गले समावेश गरिएको भए पनि त्रिविविको पाठ्यक्रम, वैदेशिक सांस्कृतिक हस्तक्षेपबाट देशलाई मुक्त गराउन सक्ने खालको छैन । त्रिविविको पाठ्यक्रम, राष्ट्रिय उत्पादन, श्रम तथा उद्यमशीलताको संस्कारलाई समाजमा स्थापित गराउने खालको हुनुपर्छ तर युवा पलायनलाई प्रतिस्थापन गर्नका लागि राष्ट्रिय उत्पादन, श्रम तथा उद्यमशीलताको संस्कृतिको विकास गर्ने खालको शिक्षा त्रिविविले प्रदान गर्न सकेको छैन । त्रिविविलाई अध्ययन र अनुसन्धानको केन्द्रका रूपमा व्याख्या गरिन्छ । हालसम्मको अवस्थालाई हेर्दा त्रिविविमा अनुसन्धान, तालिम तथा वृत्ति विकासका निम्ति सरदरमा त्रिविविको कुल बजेटको १.५ प्रतिशत मात्रै बजेट उपलब्ध हुन्छ । त्रिविविमा विभिन्न विषयसँग सम्बन्धित अनुसन्धानका लागि भनेर विभिन्न दातृ निकायबाट बर्सेनि लाखौँ रुपैयाँ आउने गरेको पनि छ, तर त्यो रकमको चरम दुरुपयोग हुन्छ, झिनामसिना योजना तयार पारी बजेट सकाइन्छ । वैदेशिक भगिनी विश्वविद्यालयबाट थेसिसका लागि भनेर आएका विभिन्न कोषको रकमको पनि सही सदुपयोग हुने गरेको छैन । अर्कोतर्फ विभिन्न सीमितताका बाबजुद पनि त्रिविविले गर्ने वा गराउने अनुसन्धानका कार्य राज्यको नीति तथा जनताका आवश्यकतासँग मेल खाने खालका छैनन् । मास्टर्सको थेसिस फोटोकपी पसलमा किनबेच हुने, प्रतिविद्यार्थीलाई १२ सयका दरले मात्रै अनुसन्धानका निम्ति पैसा उपलब्ध हुने, विदेशी विश्वविद्यालय वा संस्थाहरूले प्रकाशित गरेका पेपरलाई सन्दर्भ सामग्रीको रूपमा लिई गरेको कामलाई मात्रै अनुसन्धान मान्ने र यसरी गरेको अनुसन्धान नेपालको विकासमा उपयोगी नहुने लगायत कुराले त्रिविवि आर्थिक, नीतिगत तथा व्यावहारिक हिसाबले नै अनुसन्धानको केन्द्र बन्न नसकेको पुष्टि हुन्छ । त्रिविविमा सैद्धान्तिक बाहेकका पनि थुप्रै जटिल समस्याको चाङ रहेको कुरा वर्षैपिच्छे फेरिने शिक्षामन्त्रीहरू, प्रत्येक चार-चार वर्षमा फेरिने उपकुलपतिहरूका त्रिविवि सुधार्ने प्रतिबद्धता र त्रिविविमा अध्यापन गराइरहेका प्राध्यापकहरूले आफ्नो जीवन रक्षाका निम्ति अदालतको ढोकामै अनशन बस्नुपर्ने स्थिति लगायत गतिविधिले प्रस्ट्याउँछन् । अस्तव्यस्त समय तालिका, विभिन्न टेन्डरका प्रक्रियामा हुने अवैध गतिविधि, गैरजिम्मेवारी प्रशासन तथा अत्यन्तै निम्छरो प्रशासनिक सेवा प्रवाह लगायत विकृत कुराले त्रिविविलाई अझै अँध्यारोतर्फ धकेलिरहेका छन् । उपकुलपति तथा अन्य नियुक्तिका सन्दर्भमा हुने जटिल विवाद तथा राजनीतिक दाउपेचका मुद्दाले त्रिविविलाई थप कमजोर बनाइरहेका छन् ।

त्यसो त त्रिविवि सुधार्नका निम्ति उपकुलपति लगायत पद खुला प्रतिस्पर्धाको माध्यमद्वारा गर्नुपर्ने, त्रिविविलाई अध्ययन तथा अनुसन्धानको केन्द्र बनाइनुपर्ने, त्रिविवि र यसका आङ्गिक क्याम्पसमा राजनीतिक दल समर्थित विद्यार्थी सङ्गठनहरू खोल्न बन्देज लगाउनुपर्ने, त्रिविविको समकक्षता लगायत प्रशासनिक सेवा-सुविधालाई छिटो र छरितो बनाइनुपर्ने साथै त्रिविविको वार्षिक कार्यतालिकालाई कडाइका साथ लागु गर्नुपर्ने लगायत कुरा विभिन्न बुद्धिजीवी तथा राजनीतिक दलबाट पटक-पटक उठ्ने गरेको पाउँछौँ, तर त्रिविविको आमूल पुनर्संरचनाबिना ती विषय उठान गर्नु निरर्थक छ । अस्त-व्यस्तताको भुमरीमा परेको त्रिविविलाई सुधार गर्नका निम्ति सर्वप्रथम त्रिविविलाई स्वतन्त्र संस्थाका रूपमा विकास गर्नुपर्छ । त्रिविवि सबै हिसाबले स्वतन्त्र भइसकेपश्चात् नेपाल सरकारको राष्ट्रिय नीतिहरूसँग मेल खाने गरी त्रिविविको पाठ्यक्रमलाई पूर्णरूपमा परिवर्तन गरिनुपर्छ । त्यससँगै त्रिविविको समग्र शैक्षिक तथा प्रशासनिक प्रणालीलाई पनि व्यापक रूपान्तरण गर्नुपर्छ । यथासम्भव त्रिविविका ४० वटा केन्द्रिय विभागमध्ये कतिपयलाई खारेज गर्ने त कतिपयलाई एक अर्कामा गाभ्नुपर्छ। त्यसपश्चात् त्रिविविका शैक्षिक विभागहरूलाई विषय सम्बन्धित नेपाल सरकारका मन्त्रालय वा राष्ट्रिय योजना आयोगसँग प्रत्यक्ष रूपमा जोड्नुपर्छ । यस प्रकारको प्रणालीको विकास गर्न, त्यसलाई थप मजबुत बनाउन नेपाल सरकारको नीति तथा कार्यक्रम र त्रिविविको योजनालाई एकैसाथ तयार पारी सँगसँगै कार्यान्वयनमा लैजानुपर्छ । यस प्रकारको प्रणालीको संस्थागत विकास भइसकेपछि नेपाल सरकारका पञ्चवर्षीय योजना, नेपालमा आयोजना डिजाइन निर्देशिका लगायत नेपालका हरेक राष्ट्रिय मुद्दामा त्रिविविले विषय अनुसारका आफ्ना प्राध्यापक र उच्च शिक्षा अध्ययनरत विद्यार्थीलाई कामकाजमा खटाउने गर्नुपर्छ । यसरी त्रिविविका प्राध्यापक बौद्धिक काममा खटिइरहने र अध्ययनरत विद्यार्थी पनि अनुसन्धानात्मक काममा खट्ने हुँदा त्रिविविमा देखिएका आर्थिक, राजनीतिक तथा शैक्षिक बेथिति धेरै हदसम्म नियन्त्रणमा आउँछन् । विद्यार्थी कमाउँदै, पढ्दै र अनुसन्धान गर्दै आफ्नो शैक्षिक डिग्री प्राप्त गर्छन् । यसरी उत्पादन हुने दक्ष जनशक्ति नेपालको विकासका कार्यमा खपत हुने हुँदा देशमा जर्जर अवस्थामा रहको बरोजगारीको समस्याको अन्त्य हुन्छ । नेपालमा योजनाहरूको छनोट तथा डिजाइन आफ्नै मौलिकता अनुरूप गरिने हुँदा आयोजनाहरूको दिगोपना पनि कायम हुन्छ । त्रिविविको बजेट, यसको गहन जिम्मेवारीका आधारमा बढ्ने तथा नेपाल सरकारले योजनाहरू तर्जुमा गर्दाका बखतमा खर्च हुने बजेट त्रिविविका माध्यमद्वारा उत्पादनमूलक कार्यमा खर्च हुने हुँदा त्रिविवि सञ्चालनमा बजेटको अभाव हुने बजेट अभावमा अनुसन्धानका कार्य रोकिनुपर्ने लगायत दुरवस्थाहरूको अन्त्य भई त्रिविवि स्वचालित रूपमा स्वत: आत्मनिर्भरताको बाटोमा अगाडि बढ्न सक्छ । देशको आकार र सानो स्तरको विकासको बजेट जताततै छिरोलिने र कतै पनि पूर्णरूपमा कार्य सम्पादनमा चुनौती थपिई विदेशी ऋणको सिकार बनिरहनुपर्ने स्थितिलाई धेरै हदसम्म नियन्त्रण गर्नमा समेत यो प्रणालीले मद्दत पुऱ्याउँछ । तसर्थ विश्वविद्यालयहरू राष्ट्रिय उत्पादन, राष्ट्रिय एकता, देश विकास, नयाँ पुस्ताहरूमा नवीनतम आशा र भरोसा जगाउने खालका हुनुपर्छ । देशकै ठुलो विश्वविद्यालय त्रिविविलाई कस्तो बनाउने भन्ने नेपाल सरकारको हातमा छ । खर्बौंको सम्पत्ति भएको त्रिविविले बर्सेनि हजारौँको संख्यामा बेराजगार जनशक्ति उत्पादन गरिरहेको छ । युवा पुस्तामा चरम निराशा र आफ्नो भविष्यप्रतिको भयले देश नै असफलताको बाटोमा लम्किरहेको छ । त्रिविविलाई सुधार गर्नका निम्ति जे-जस्ता विषय सतहमा आएका छन्, तिनीहरूबाट टालटुले समाधानबाहेक अरु सम्भव देखिँदैन । विश्वविद्यालयमा हुने राजनीतिक नियुक्तिलाई प्रतिस्पर्धात्मक बनाउनेदेखि विद्यार्थी संगठनमाथि प्रतिबन्ध लगाउनेसम्मका कुरा क्षणिक समाधानका उपाय हुन् । देशको मुख्य समस्या हटाउन त्रिविविको व्यापक रूपान्तरण आवश्यक छ, जसले देशको समग्र शिक्षा प्रणालीलाई गतिलो लयमा लैजान सकोस् । आधाभन्दा बढी बजेट खर्च गरेर अनुत्पादक जनशक्ति उत्पादनमा विश्व रेकर्ड कायम गराउने त्रिविविको परिपाटीको अन्त्य जरुरी छ र त्यो सम्भव पनि छ ।

*-रातोपाटी डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२१११९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : मित्रबाट विशेष सहयोग मिल्ला । परिवारका सदस्यहरूसँग भेटघाट हुनेछ ।

**वृष** : परिवारमा मेलमिलाप हुनेछ । समयले राम्रो साथ दिनेछ ।

**मिथुन** : कार्य सम्पादनमा समस्या आउला। पैसा खर्च हुने योग छ ।

**कर्कट** : अधुरा काम गर्दा फाइदा हुन सक्नेछ । यात्रामा सामान हराउन सक्छ।

**सिंह** : मनमा हर्ष, उमङ्ग र उत्साह र हला । रमाइलो यात्राको योग रहेको छ ।

**कन्या** : प्रतिस्पर्धामा उत्तीर्ण हुन सकिनेछ। परिवारका सदस्यहरूबाट सहयोग पाइनेछ।

**तुला**: महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला । प्रेममा धोका हुन सक्छ ।

**वृश्चिक** : मनमा उत्साह छाउनेछ । धार्मिक यात्राको योग छ ।

**धनु** : मन अध्यात्म र दर्शनतर्फ आकर्षित बन्नेछ । व्यवसायबाट लाभ हुनेछ ।

**मकर** : सामाजिक सेवा गर्ने अवसरले मानप्रतिष्ठा बढाउनेछ ।

**कुम्भ** : भोजभतेरमा सामेल हुँदा स्वास्थ्यको ख्याल गर्नुहोला । यात्राको अवसर छ ।

**मीन** : पारिवारिक भेटघाटमा रमाइन्छ। धनार्जनका स्रोतहरू पत्ता लाग्नेछन् ।

## शिक्षा

# किन चाहिन्छ शिक्षामा दर्शन र सिद्धान्त?

शिक्षामा एमफिल उत्तीर्ण एक विद्यालय निरीक्षकसँग केही समयअघि शैक्षिक भेटघाट भएको थियो । विद्यालय निरीक्षकको बैठक सकिएपछि उहाँले एक प्रश्न राख्नुभएको थियो । उहाँले भन्नुभयो (विद्यालयमा त पढाउने हो, विद्यार्थीले सिक्ने हो, तर हामीले अध्ययन गरेका शैक्षिक दर्शन त कतै पनि व्यवहारमा आएको पाइनँ । यो त कोरा ज्ञान मात्र भयो । यसको प्रयोजन कहीँकतै देखिएन । दर्शन जानेको शिक्षकले यसको प्रयोग कसरी गर्छ ? प्रयोगमा नआउने यो विषयलाई विश्वविद्यालयमा किन प्राथमिकतामा राखिन्छ ? बरू विधिशास्त्रमा र शैक्षिक सुपरिवेक्षणमा केन्द्रित गरियो भने हाम्रो काममा थप प्रभावकारिता आउने थियो । यो दर्शनले के काम गर्छ ? किन चाहिन्छ सिद्धान्त ? प्रश्नको उत्तर प्रत्यक्ष भए पनि यो सवाल धेरै प्रधानाध्यापक र शिक्षा सरोकारवालाहरूलाई अर्थपूर्ण रूपमा प्रस्ट नभएको उहाँले उल्लेख गर्नुभयो । हामीले त्यसमा रहेर छलफल गर्‍यौं । यहाँ त्यसैको संक्षेप राखेको छु । दर्शन कसरी व्यवहारमा निस्किन्छ र यसको निहितार्थ के हुन्छ, एक निषेधात्मक उदाहरणबाट प्रस्तुत गर्छु । यसरी नै सबैमा लागू भएको छ भन्ने मेरो अभिप्राय होइन ।

मानौं, विद्यार्थीहरूको उच्च परिणाम चाहेर कुनै कार्यक्रम निर्धारण गरेको स्कुलले एक दर्शनको यसरी प्रयोग गरेको छ । त्यहाँ एसइई परीक्षामा उत्कृष्ट ग्रेड ल्याउने लक्ष्य राखियो । विद्यालयले बिहानदेखि साँझसम्म विद्यार्थीहरूलाई अनेकन काममा व्यस्त गरायो । बौद्धिक उपलब्धिका ठाउँमा विद्यार्थीहरूलाई परीक्षा प्रणालीका छिद्र प्रयोग गर्दै ग्रेडलाई केन्द्रित गरेर विषयवस्तुका सूचना मात्रै रटाइयो । यस अवस्थामा विद्यालयले पाठ्यपुस्तकलाई रटाउने विधिशास्त्रको एउटा आधार लियो । यसरी विद्यार्थीमा सूचना संकलन गरे अवधारणा बुझाउने झन्झट कम हुने र परिणाम उच्च आउने विश्वास लिइयो । यही विश्वास नै त्यस स्कुलको शिक्षणको एक आधार वा दर्शन बन्यो । घोकेर पढ्नु पर्छ भन्ने त्यस दर्शनले यसै अनुसार विद्यार्थीको सिकाइको दिशा तय गर्‍यो । अझै विश्लेषण गरौं । रटाएर उत्कृष्ट अंक ल्याउन उद्यत त्यस अमुक स्कुलको अर्को दार्शनिक अभ्यास अझै भयावह छ । यस अर्थमा कि, एसइई परिणाम नराम्रो भएमा विद्यार्थी संख्या घटेर आम्दानीमा कमी आउन सक्ने जोखिमले सिर्जित प्रेरणा अर्थात् विद्यार्थीको वैचारिक उन्नतिको सट्टा स्कुल सञ्चालकहरूको निहित आर्थिक स्वार्थ । त्यस अमूक स्कुलले मुनाफा आर्जन गर्नुलाई विद्यालय स्थापनाको प्रमुख अघोषित आधार लियो । यो नै त्यस स्कुलको आधारभूत नैतिक र दार्शनिक भुल हो । यो शिक्षाको स्थानलाई वाणिज्य दर्शनले विस्थापित गरेको त्रुटिपूर्ण अवस्था हो । व्यापार र शैक्षिक दर्शन वस्तुगत रूपमा बेग्लाबेग्लै हुन् ।

प्रस्ट छ, शैक्षिक दर्शनको ठाउँ वाणिज्य दर्शन हुन सक्दैन । उक्त विद्यालयले त्यस्तो ध्येय र विश्वासको स्थानमा मौलिक चिन्तन, उद्देश्यपूर्ण सिकाइ, चरित्र निर्माण, संस्कारको विकास जस्ता विचारलाई विस्थापित गरिदिएको भए शिक्षाको स्वरूप नितान्त भिन्न बन्ने थियो । स्कुलले सही गन्तव्य लिने थियो । यस उदाहरणले शिक्षामा गतल दार्शनिक संस्कृति बसेमा विसंगति मौलाउन सक्ने कुरा स्पष्ट पार्छ। दर्शनले यसरी काम गर्छ र त्यसैअनुसार विद्यालयको प्रवृत्ति र कार्यपद्धतिको आधार तयार हुन्छ । शिक्षाको दार्शनिक पक्षका मुख्यत: दुई प्रायोगिक भाग रहन्छन् । पहिलो भाग दर्शन आफै हो भने दोस्रोमा सिद्धान्त रहन्छ । र, यी दुवै मूलभूत रूपमा फरक रहे पनि निकट रूपमा परस्पर सम्बन्धित हुन्छन् । पहिला, विद्यालयको दार्शनिक पाटो हेरौं । त्यसपछि त्यसमा अन्तरनिहित सिद्धान्तको सम्बद्धतालाई लेखको दोस्रो भागमा राख्ने छु । शैक्षिक दर्शनलाई केवल बौद्धिक तर्क र विषयगत परावर्तन मात्र मानिनुले यसको कार्यात्मक पक्षलाई कुण्ठित बनाउँछ । दर्शनले शिक्षा प्रणालीलाई दिने ठोस वैचारिक आधारशिला नै यसको पहिलो र प्रमुख व्यावहारिक पक्ष हो ।

उदाहरण लिऔं । एउटा प्रशस्त फल लागेको विशाल वृक्ष छ। बाहिरबाट हेर्दा काण्ड र माथिको भाग मात्र देखिन्छ तर त्यसको जमिनमुनिको मूल देखिँदैन। त्यस वृक्षको आधार बाह्य रूपमा लुप्त जरा रहन्छ । यसले नै वृक्षलाई अड्याउनेदेखि पानी र पोषण पुर्‍याउँछ। ठीक यही उपमान विद्यालयको बाहिरी कार्यात्मक, भौतिक स्वरूप र यसका अन्तरनिहित दर्शनसँग दाँज्न सकिन्छ । बिना शैक्षिक आधारशिला वा त्यो मूल जराको अभावमा विद्यालय खडा हुन सक्दैन । आधारशिला कमजोर भएमा वा गलत भएमा विद्यालयको दिशा अस्तव्यस्त हुन्छ । शिक्षा निर्दिष्ट बन्दैन । परिकल्पना गरौं, सतहमा मक्किएको जरो रहेको रूख कति टिक्ला ? फल कति दिन सक्ला ? विद्यालय नेतृत्व यही अर्मूत र गुप्त दार्शनिक आधारमा अलमलिन सक्छ । सुक्ष्म र शक्तिशाली अपरिहार्यता नपहिल्याएर वा पाखा लगाएर बाह्य स्वरूपमा गरिने भौतिक लगानीले स्कुललाई स्थायित्व दिन खोज्दा त्यो संरचनामा मात्र सीमित हुन्छ । जबसम्म विद्यालयले अंगिकार गरेको दार्शनिक शिराबाट बाटो पहिल्याउँदैन, तबसम्म विद्यालयको वास्तविक स्वरूप बन्दैन । हाम्रा धेरै स्कुलले यस्तो गहन पक्ष नदेखेझैं गर्नु नै तिनले प्रदान गर्ने शिक्षा कमसल हुने प्रमुख कारणमध्ये एक हो । दर्शनरहित हचुवा अवधारणाले विद्यालय बन्दैन । शिक्षा दर्शनको अर्को महत्त्वपूर्ण पाटो त्यस स्कुलको शिक्षाको प्रकृति परिभाषित गर्नु हो । कस्तो शिक्षा दिने हो? कसरी दिने हो ? त्यस विद्यालयको शिक्षाको लक्ष्य के हो ? कता लग्न खोजिएको हो ? कस्तो ज्ञान मानवीय तवरले योग्य छ ? विद्यार्थीको व्यक्तिगत जीवनमा र समाजमा यसले कसरी योगदान पुर्‍याउँछ ? यस्तै यावत प्रश्नका विशिष्ट उत्तरहरूको कार्यान्वयनबिना विद्यालय बन्ला र ? यी आधारभूत प्रश्नहरूको उत्तर, स्कुलले आफ्नो दर्शनलाई आधार मानेर कार्य दिशा लिनु र विद्यालयको दर्शन व्यवहारमा आउनु हो । उद्देश्यसहितको शिक्षाले विद्यार्थीलाई निर्दिष्ट गर्छ । ती उद्देश्य त्यस विद्यालयका विश्वासमा आधारित हुन्छन् । तर हाम्रा धेरै विद्यालयहरूका शैक्षिक क्रियाकलापको उद्देश्य अपरिभाषित देखेको छु । कुनै काम किन गरियो भन्ने प्रश्नको उत्तरबिनै कक्षाहरू सञ्चालन भएको देखेको छु । क्रियाकलापका लागि मात्र क्रियाकलाप, विधिबिनाको वा अस्पष्ट सिकाइ प्रक्रिया, कतै संरेखित नभएका कार्ययोजना र शैक्षिक दिशाहीनता जस्ता कमजोरीहरू दर्शनरहित विद्यालयका लक्षण हुन् । बिनादर्शन शिक्षा र शिक्षण जीवन्त बन्दैन । स्कुलको शैक्षिक दर्शनले यस्ता समस्यालाई समाधानको मार्गदर्शन दिन्छ । दार्शनिक आधारले शिक्षा प्रक्रियाको निर्धारण गर्न मद्दत गर्छ । कस्ता मूल्य र प्रदान गर्ने हो भन्ने निर्क्यौल गर्छ । यसका लागि कस्तो विधिशास्त्र लागू गर्ने हो, शिक्षा कस्तो प्रकृतिको निर्धारण गर्ने हो, यी सब प्रश्नको उत्तर त्यहीँबाट सिर्जित हुन्छ । नेतृत्वले गरेको दूरदृष्टि निर्माणपछि विद्यालय रूपान्तरणको प्रक्रिया सुरू हुन्छ । त्यो दूरदृष्टि पनि त्यस स्कुलको दर्शनबाटै जन्मिन्छ । बिनाशैक्षिक दर्शनको भिजन मिसन केवल निष्क्रिय वाक्य बन्छ र यसले कार्यात्मक गति दिन सक्दैन । तसर्थ दूरदृष्टि निर्माणअघि नै विद्यालय नेतृत्वले आफ्नो विद्यालयको दर्शनलाई पहिल्याउने र तत्पश्चात दर्शनलाई लिखित वाक्यमा परिभाषित गर्न पर्छ । ती विद्यालय निरीक्षकको प्रश्नहरूको उत्तरलाई नै शिक्षा दर्शनको आधार चाहिन्छ । प्रस्ट छ, विधिशास्त्रमा र शैक्षिक सुपरिवेक्षणलाई नै दर्शनको आधार खडा गर्नु पर्छ । अन्यथा त्यो कार्य प्रणाली अप्रभावी बन्छ । विद्यालय संस्कृति अलिखित पाठ्यक्रम हो र यसको आधार पनि विद्यालयकै निहित दर्शन हो । शैक्षिक उपलब्धि र मानवीय मूल्यमान्यता स्थापित नभए विद्यार्थीका विचार फैलिँदैनन् । त्यस अवस्थामा ती विद्यार्थी वयस्क बनिसक्दा दिशाहीन बन्ने जोखिम उच्च हुन्छ । यस्तो अवस्था आउन नदिन दर्शनको आधारलाई प्रयोगमा ल्याउन अपरिहार्य छ । सारांशमा पाठ्यक्रमको स्वरूप निर्धारण दर्शनले गर्छ । विद्यालय दर्शनका आधारमा विधिशास्त्रको खाका तयार हुन्छन् । शिक्षक र विद्यार्थीको भूमिकालाई दर्शनले परिभाषित गर्छ र विद्यालयको वैचारिक आधार सिर्जना हुन्छ । केही स्कुलका प्राचार्यसँगको अन्तरक्रियामा दु:खलाग्दो कुराको अनुभव छ । ठूलो स्कुल बनाउने खाका तयार गरिएको छ, भिजन वाक्य पनि छ । सुन्दा सही र राम्रो लागे पनि अलिकति कोट्याउँदा ती प्राचार्यहरूले त्यही वाक्यमा विश्वास नगरेको स्पष्ट हुन्छ । यसरी दर्शन राखेर त विदेशमा सम्भव होला, यो देखाउनका लागि मात्र हो, हाम्रो परिप्रेक्ष्यमा यो चाहिँदैनसम्म भनेको सुनेको छु । यो प्रवृत्तिले विद्यालय कस्तो बन्ला? अब शैक्षिक सिद्धान्त हेरौं । स्कुलहरू शैक्षिक सिद्धान्त र दर्शनका प्रयोगस्थल हुन् । सिद्धान्त, दर्शन र व्यवहार एउटै सिक्काका दुई पाटा हुन् । बिनासिद्धान्त अभ्यास हुँदैन र अभ्यासबिना सिद्धान्त जड बन्छ। यी दुवै सँगसँगै जान्छन् । एक उदाहरण प्रस्तुत गर्छु । भौतिक विज्ञानमा न्युटनको गतिको तेस्रो सिद्धान्तले क्रिया र प्रतिक्रिया सदैव बराबर र विपरीत हुन्छ भनेर प्रमाणित गर्छ । यो सिद्धान्त मात्र भयो । यसको अभ्यासबाट जहाज उड्छ । अन्तरिक्षयान पृथ्वीको गुरूत्वाकर्षणबाट बाहिरिन्छ । शिक्षाका सिद्धान्तमा पनि यही सदृश्य हुन्छ । विद्यार्थीका बौद्धिक विकासका सिद्धान्तहरू छन् । ती सिद्धान्त शैक्षिक दर्शनलाई पूर्णता दिने अनुसन्धानबाट प्राप्त नियमहरू हुन् । स्थापित बृहत दर्शनका पूरक भाग हुन् । र, तिनको प्रयोग स्कुलहरूमा गरिएमा दर्शन अनुरूप वाञ्छित परिणाम आउँछन् । उदाहरणका लागि, प्रगतिशीलता एक शिक्षादर्शन हो भने भाइगोत्सकी, जाँपियाजेका सिद्धान्त यसै दर्शनलाई पुष्टि गर्ने तथ्यहरू हुन् । यसरी दर्शन, सिद्धान्त र शैक्षिक अनुसन्धानबाट प्राप्त ज्ञानलाई व्यावहारिक रूपमा प्रयोगमा ल्याए हाम्रा विद्यार्थीहरूले विचार गर्ने क्षमतासहितको असल शिक्षा पाउने छन् । ज्ञान व्यावहारिक बन्नेछ र विद्यालयको शिक्षादर्शन जीवन्त बन्नेछ ।

*-सेतोपाटी डटकम*

# एसईई/कक्षा १२ : परीक्षाका असंगत र अमर्यादित पक्षहरू

गत वैशाख (१४-२६ गते)मा भएको कक्षा १२ को परीक्षामा परीक्षामा चार लाख ४१ हजार ४९७ परीक्षार्थीले एक हजार ५२६ परीक्षा केन्द्रमार्फत परीक्षा दिए । यसैगरी गत चैत (१७-२९ गते) मा भएको एसईई परीक्षामा पाँच लाखभन्दा बढी विद्यार्थीले दुई हजार ६४ परीक्षा केन्द्रमार्फत परीक्षा दिए । यी दुई परीक्षालाई नै हामीकहाँ विद्यालय तहका सबैभन्दा महत्त्वपूर्ण परीक्षाका रूपमा लिइन्छ ।



**शौचालय र पिउने पानीको सुविधा पनि त्यत्तिकै आवश्यक हुन्छ, तर अधिकांश परीक्षा केन्द्रमा साँघुरा र छोटा अर्थात् बस्नै अप्ठेरो पर्ने डेस्क-बेन्च देखिन्छन् भने कोठा पनि साना र अँध्यारा देखिन्छन् । कतैकतै त एउटै बेन्चमा तीन-चारजना खाँदेर राखिएका दृष्टान्त पनि छन् । कतिपयले पर्याप्त उज्यालो नआउने साँघुरा कोठामा उकुसमुकुस भई परीक्षा दिएको पनि देखिन्छ । त्यही ठाउँमा तत्काल विकल्प दिन सक्ने अवस्था हुँदैन ।**

तोकिएको गुणस्तर र मर्यादामा परीक्षा सञ्चालन गर्नु राज्यका लागि चुनौतीको विषय हो नै, अर्कोतर्फ यो एक संवेदनशील विषय पनि हो । परीक्षालाई निर्णयात्मक मूल्यांकनको मूल आधारका रूपमा लिइने हुँदा यसको कार्यान्वयनमा विशेष ध्यान दिने गरिएको छ । तथापि राज्यको ठुलो स्रोत-साधन र सजगताका बाबजुद पनि सबै परीक्षा केन्द्रमा एउटै स्तरमा परीक्षा सञ्चालन हुन नसकेका दृष्टान्त मिडियामार्फत आइरहेका छन् ।

**- केन्द्र र केन्द्राध्यक्ष छनोट**

परीक्षा केन्द्र र केन्द्राध्यक्षले पनि परीक्षाको मर्यादा र गुणस्तरमा ठुलो असर पार्दा रहेछन् । हामीकहाँ परीक्षा केन्द्र निर्धारण त्यति वैज्ञानिक र व्यवस्थित छैन । यस सम्बन्धमा नयाँ र वस्तुगत निर्देशिका बन्न सकेको छैन भने पुरानो निर्देशिकाका भरमा टालटुले पाराले काम भइरहेको देखिन्छ । जिल्लास्थित परीक्षा समितिले वर्षैपिच्छे केन्द्र निर्धारणको निर्णय गरे पनि यो वैज्ञानिक, व्यवस्थित र प्रभावकारी बन्न सकेको देखिँदैन ।

केन्द्राध्यक्ष परीक्षा सञ्चालन गर्ने मुख्य मियो हो, तर सम्बन्धित केन्द्रको प्रअलाई केन्द्राध्यक्ष बनाउने भन्ने 'सिङ्गल ब्ल्याङ्केट अप्रोच'का कारण वरिष्ठता, नेतृत्व, योग्यता र समर्पण पाखा लागेको अवस्था छ । कतिपय अवस्थामा कम योग्यता र क्षमताका केन्द्राध्यक्ष पनि छनोटमा पर्ने भएकाले यसले परीक्षाको गरिमा जोगाउन नसक्ने र केन्द्राध्यक्षको समग्र भूमिका कमजोर बन्न पुग्ने अवस्था हुँदो रहेछ ।

**- परीक्षा केन्द्रको भौतिक अवस्था**

मर्यादित, शान्त र स्वच्छ परीक्षाका लागि परीक्षार्थीको बसाइ सहज र व्यवस्थित हुनुपर्छ । यसका लागि ठुला र फराकिला कोठाह पर्याप्त र सहज डेस्क-बेन्चह प्रशस्त उज्यालो आदि आवश्यक पर्छन् । शौचालय र पिउने पानीको सुविधा पनि त्यत्तिकै आवश्यक हुन्छ, तर अधिकांश परीक्षा केन्द्रमा साँघुरा र छोटा अर्थात् बस्नै अप्ठेरो पर्ने डेस्क-बेन्च देखिन्छन् भने कोठा पनि साना र अँध्यारा देखिन्छन् । कतैकतै त एउटै बेन्चमा तीन-चारजना खाँदेर राखिएका दृष्टान्त पनि छन् । कतिपयले पर्याप्त उज्यालो नआउने साँघुरा कोठामा उकुसमुकुस भई परीक्षा दिएको पनि देखिन्छ ।

त्यही ठाउँमा तत्काल विकल्प दिन सक्ने अवस्था हुँदैन । अधिकांश ठाउँमा शौचालयको समस्या देखिन्छ । शौचालय कि त धेरै टाढा हुन्छन्, कि त प्रयोग गर्न असहज हुने गरी दुर्गन्धित हुन्छन् । यस्तै, प्राय: केन्द्रमा परीक्षार्थीका लागि पिउने पानीको सहज आपूर्ति भएको पनि देखिँदैन ।

**- मोबाइल र म्यासेन्जर ग्रुपबाट**

देखिएकै छन् । परीक्षा विद्यार्थीको उपलब्धि मापन गर्ने एक सहज, प्रचलित एवं भरपर्दो माध्यम हो । परीक्षाको मर्यादा र गुणस्तरले शिक्षण सिकाइको गुणस्तर र विद्यार्थी उपलब्धिको गुणस्तरलाई प्रभाव पार्छ । त्यसकारण राम्रो पठनपाठन र विद्यार्थीको लगावका लागि पनि यी परीक्षा सहज, मर्यादित र गुणस्तरीय बन्न जरुरी छ । परीक्षाका अमर्यादित र असङ्गत पाटा-पक्षलाई निषेध र नियन्त्रण गरी परीक्षाको गरिमा, विश्वास र मर्यादा बढाउन थप पहलको खाँचो देखिन्छ ।

**- के गर्न सकिएला त ?**

कक्षा १२ र एसईई परीक्षा विद्यालय शिक्षा संरचनामा महत्त्वपूर्ण अवयवका रूपमा रहेका छन् । समग्र शिक्षाको गुणस्तर मापन र निर्धारण गर्ने माध्यम पनि यी परीक्षा नै हुन् । तसर्थ यी परीक्षाको सुधार, सुदृढीकरण र सबलीकरण आजको आवश्यकता हो । परीक्षा सुधारको सुरुवात सैद्धान्तिक स्पष्टताबाट गरिनुपर्छ । परीक्षा केन्द्र र केन्द्राध्यक्ष चयनको विषय मात्रै होइनह होम सेन्टर राख्ने वा नराख्ने, यताको उता र उताको यता गरी एकापसमा केन्द्र राख्ने, एउटा केन्द्रका लागि अपरिहार्य मापदण्ड र पूर्वाधार पूरा गर्ने आदि विषयलाई स्पष्ट निर्देशिकामा समेट्न सकिन्छ । सँीय पुनर्संरचनाका आधारमा नीतिगत र कानुनी विषयलाई अविलम्ब सुधार्न जरुरी छ । मोबाइलको निषेध वा मोबाइल नियन्त्रणमा प्रहरीको भूमिका महत्त्वपूर्ण हुने देखिन्छ ।

खोसिएका मोबाइल प्रहरीलाई व्यवस्थापन गर्न दिँदा मात्रै पनि यसको प्रभाव राम्रो देखियो । खोसिएका मोबाइल परीक्षा सकिएपछि मात्रै कागज गराएर फिर्ता दिँदा यसले मोबाइल परीक्षा हलमा लैजान प्रयास गर्ने र त्यसबाट चिटिङ गर्ने प्रवृत्तिलाई दुरुत्साहन गरेको पाइएको छ । त्यसकारण यस्ता कुरालाई पनि सबैतिर एकरूपताका साथ कार्यान्वयन गर्न सकिन्छ । म्यासेन्जर रुपमा चिटिङ गराउने (शिक्षक, अन्य व्यक्ति वा समूह जोसुकै)लाई तत्काल पक्राउ गर्ने र कारबाहीको प्रक्रिया सुरु गर्ने हो भने यसको प्रभाव सकारात्मक पर्दो रहेछ । परीक्षा व्यवस्थित र मर्यादित गराउन गार्डहरूको भूमिका अहम् हुन्छ । त्यसकारण मनोवैज्ञानिक रूपमा अलि निडर, निर्भीक र सक्षम गार्ड छनोटमा ध्यान दिन जरुरी छ । शिक्षकभन्दा बाहिरबाट गार्ड बसाल्न सके अझ प्रभावकारी बन्न सक्ने देखिएकाले यसतर्फ पनि छलफल गर्न सकिन्छ । परीक्षार्थीको अराजकता र अनुशासनहीनतालाई सम्बन्धित विद्यालय मार्फत नियन्त्रण गर्न सकिन्छ । निरोधात्मक उपायले काम नगरेमा सम्बन्धित निकायको सहयोगमा उपचारात्मक उपाय समेत उपयोग गर्न सकिन्छ ।

अर्कोतर्फ निश्चित पाठ्यघन्टा बराबर कक्षा लिन सक्ने र तोकिएको आन्तरिक मूल्याङ्कन र इन्टर्नसिपमा भाग लिन सक्ने गरी मात्रै विद्यार्थी भर्ना गरिनु जरुरी छ । विद्यार्थी सङ्ख्या बढाउन विभिन्न प्रलोभनसहित टुरिस्ट विद्यार्थी भर्ना गर्ने प्रवृत्तिलाई सैद्धान्तिक रूपमै खण्डित गरिनुपर्छ ।

त्यस प्रकारका विद्यार्थीका लागि खुला शिक्षा तथा खुला विद्यालयलाई प्रवर्धन गर्न सकिन्छ । जेहोस् परीक्षालाई शिक्षक, विद्यार्थी, अभिभावक र जो-कोहीका लागि पनि अतिरञ्जित विषय बनाइनु हुँदैन । अमर्यादित र असङ्गत परीक्षाले समग्र शैक्षिक प्रणालीलाई नकारात्मक असर पार्छ । त्यसकारण स्वच्छ, सहज, मर्यादित र गुणस्तरीय परीक्षाका लागि सबैले हातेमालो गर्नु आवश्यक देखिन्छ ।

*-रातोपाटी डटकम*

# 'निजामती विधेयक पारित भए ९५ प्रतिशत माग पुरा हुन्छन्'

कृष्ण पोखरेल

**पाल्पा,** जेठ ६/नेपाल निजामती कर्मचारी संगठनका केन्द्रीय अध्यक्ष लेखनाथ कोइरालाले 'निजामती विधेयक पारित भए ९५ प्रतिशत माग पुरा हुने बताएका छन् । नेपाल निजामती कर्मचारी संगठन पाल्पाले आयोजना गरेको एक दिने प्रशिक्षण तथा अभिमुखीकरण कार्यक्रमलाई तानसेनमा सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।



निजामति विधेयकमा संगठनले राखेका संसोधन प्रस्ताव समावेश हुने सम्भावना ९० प्रतिशत रहेको भन्दै अध्यक्ष कोइरालाले विधेयक पारित भएमा सबै तहका कर्मचारीहरुको ९५ प्रतिशत मागहरु पुरा हुने बताए । संशोधन प्रस्तावको विषयमा प्रधानमन्त्री, सभामुख, मुख्य सचिव, सचिव,राजनीतिकदलका प्रमुख सचेतक, संसदीयदलका नेताहरु तथा सांसदहरुलाई जानकारी गराएको समेत उनले उल्लेख गरे । संघीय कर्मचारी विधेयक पारित नहुँदा अहिले कर्मचारी तहमा ठूलो समस्या परेको, सरुवा बढुवा रोकिएकोले चाडो भन्दा चाडो पास गर्न सबैतिर संगठनले पहल गरिरहेको संगठनका अध्यक्ष कोइरालाले बताए । हालको संघीय निजामती सेवा विधेयकमा करारका कर्मचारीहरुको लागि पनि उमेर हद नलागी स्थायीको लागि सहभागी हुन पाउने, स्थायी नभएमा विशेष व्यबस्था गरिएको संगठनका अध्यक्ष कोइरालाले बताए । संगठनको पहलमा सबै कर्मचारी संघ, युनियन लगायतसँग सहकार्य गरेर विधेयकमा संसोधन प्रस्ताव राखिएको उनले बताए । देशभरीका सबै तह र तप्काका सरकारी कर्मचारीहरुलाई समेट्ने गरी एकिकृत निजामती ऐनको लागि संगठनले पहल गरिरहेको संगठनका अध्यक्ष कोईरालाले बताए ।

प्रशिक्षण कार्यक्रममा संगठनका केन्द्रीय उपमहासचिव रामचन्द्र अधिकारी, संगठनका केन्द्रिय प्रशिक्षण विभागका सचिव कवि सिंह कठायतले प्रशिक्षण दिएका थिए । प्रशिक्षण कार्यक्रममा निजामती कर्मचारी संगठनको महत्व, संगठनले गर्दै आएका कामहरु, कर्मचारी हकहितको लागि गरेका गतिविधीहरुका बारेमा प्रशिक्षण दिइएको थियो । कार्यक्रममा एमाले नेता डा. राम बहादुर राउतले सकारात्मक सोचले मानिस संघ संगठनलाई उच्च स्थानमा पुर्‍याउने विषयमा उदाहरण सहित प्रशिक्षण दिएका थिए । कार्यक्रममा पेशागत महासंघका केन्द्रिय लेखा आयोग संयोजक मेघदेव पन्त, संगठनका लुम्बिनी प्रदेश इन्चार्ज दधिराम मरासिनी, नेकपा एमाले पाल्पाका अध्यक्ष धनेन्द्रराज घिमिरे, संगठनका पुर्व अध्यक्ष गणेश बस्याल, पुर्व केन्द्रिय सदस्य सुन्दर प्रसाद श्रेष्ठ लगायतले नेपालकै अग्रणी संस्थाको रुपमा कर्मचारीहरुको हकहितमा संगठनले निरन्तर काम गर्दै आएको बताए । प्रशिक्षण कार्यक्रममा कार्यसमितिमा रही सेवानिवृत भएका कर्मचारीहरु उमादेवी आचार्य, राजेन्द्र प्रसाद आचार्य, नारायण प्रसाद भट्टराईलाई सम्मान गरिएको थियो । कार्यक्रम संगठनका जिल्ला अध्यक्ष युवराज ज्ञवालीको अध्यक्षता, उपाध्यक्ष भोजबहादुर थापाको स्वागत सचिव रुकलाल भट्टराईको सञ्चालनमा भएको थियो । प्रशिक्षण कार्यक्रममा १ सय ५० जना कर्मचारीहरुको सहभागिता रहेको थियो ।

## खेलकुद समाचार

### कोपा अमेरिकामा एउटा टिमले २६ खेलाडी राख्न पाउने




**काठमाडौं जेठ** ६/आगामी जुन-जुलाईमा हुने युरोकप २०२४ मा सहभागी टिमले २६ खेलाडी राख्न पाउने भएका छन् । दक्षिण अमेरिकी फुटबलको सर्वोच्च निकाय कन्मेबोलको प्रतियोगिता र सञ्चालन निर्देर्शिकाले उक्त निर्णय गरेको हो ।

थाइल्याण्डको बैंककमा बसेको कन्मेबोलको बैठकले उक्त निर्णयलाई स्वीकृत गरेको हो । यसअघि एक टिममा २३ खेलाडी मात्र राख्न पाइने नियम थियो । सहभागी टिमले बढीमा २६ खेलाडीसहित कूल ५० जनाको डेलेगेट्सको नाम दर्ता गराउने सक्ने कन्मेबोलले जनाएको छ ।

कोपा अमेरिका जुन २० देखि जुलाई १४ सम्म अमेरिकाको विभिन्न १४ शहरमा आयोजना हुँदैछ । जहाँ दक्षिण अमेरिकाबाट १० र उत्तर तथा मध्य अमेरिकाबाट ६ गरी १६ टोली सहभागी हुँदैछन् ।

## अर्थ/कर्पोरेट समाचार

# पाल्पाको पर्यटन विकासका लागि व्यवस्थापनमा जोड



**पाल्पा,** जेठ ६/पाल्पाको पर्यटन विकासका लागि व्यवस्थापन पक्षमा ध्यान दिनुपर्नेमा एक कार्यक्रमका सहभागीहरुले जोड दिएका छन् । वातावरणीय तथा पर्यटन प्रवर्द्धन समूह (गेट अप पाल्पाले आयोजना गरेको पाल्पाको पर्यटन विकासका लागि अन्तर्क्रिया कार्यक्रमका सहभागीहरुले यस्तो बताएका हुन् ।

उनीहरुले पाल्पा आफैमा पर्यटकीय जिल्ला भएपनि उचित व्यवस्थापन र प्रसारको अभावमा सोचेजति पर्यटक भित्र्याउन नसकिएको बताएका छन् । वक्ताहरुले सामान्य व्यवस्थापन गर्न सक्दा पनि पाल्पाले पर्यटनबाट धेरै फाइदा लिन सक्नेमा जोड दिए । कार्यक्रममा तानसेन नगरपालिकाका प्रवक्ता यादवसिं कार्कीले तानसेन नगरपालिकाले नगर क्षेत्र भित्र रहेका पर्यटकीय गन्तव्यहरुको पहिचान गरी यहाँ आएका पर्यटकहरुलाई केही दिन यतै बस्ने घुम्ने ब्यवस्था मिलाउने गरी योजना र कार्यक्रम बनाएको बताए । गेटअप पाल्पाका अध्यक्ष मनमोहन श्रेष्ठले पाल्पालाई पर्यटकीय जिल्लाको रुपमा विकास र संस्थाले उचित कार्यक्रम बनाउने उद्देश्य सहित २०५६ सालदेखि पर्यटन र पर्यटकीय विकासबारे कार्यक्रम गर्दै आएको बताए । संस्थामार्फत विभिन्न महत्वपूर्ण पर्यटकीय स्थलहरुको ब्रोसर निर्माण, ट्रेकिङ रुट निर्माण, होडिङ बोर्ड निर्माण, विभिन्न ऐतिहासिक मठमन्दिरहरुको जीर्णेद्धारका लागि पहल समन्वय गरिएको उनको भनाई छ । कार्यक्रममा तानसेन नगरपालिका-१ का वडा अध्यक्ष सुनिल कुमार बस्याल, वडा नं. ३ का वडा अध्यक्ष बाबुरत्न शाक्य, ४ का वडा अध्यक्ष हेमन्तराज शर्मा, वडा नं. १२ का वडा अध्यक्ष मेजरसिं केसी, कार्यपालिका सदस्य लक्ष्मी बिश्वकर्मा, वडा नं. ६ का वडा सदस्य गोमा गैरेले आ-आफ्नो वडामा रहेका पर्यटकीय गन्तव्य, सम्भावना र वडा मार्फत हुँदै आएका पहल र कार्यक्रमबारे जानकारी गराएका थिए ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ पाल्पाका सचिव यज्ञमूर्ति तिमिल्सिना, नाटा पाल्पाका अध्यक्ष राजिव शाह, होटल तथा रेष्टुरेन्ट व्यवसायी संघ पाल्पाका अध्यक्ष लक्ष्मण बस्याल, ढाका उद्यमी हरि रायमाझी लगायतले आपसी समन्वयको अभावमा सोचेजति पर्यटक ल्याउन नसकिएको बताएका छन् । गेटअप पाल्पाका अध्यक्ष मनमोहन श्रेष्ठको अध्यक्षता र गेटअप पाल्पाका सदस्य एवं पत्रकार देव पचभैयाको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# स्थानीय सरकार...

...मुसिकोट नगरपालिकाका नगर प्रमुख जीवलाल खरेलका अनुसार नगरका अधिकांस ग्रामीण क्षेत्रका सडकहरु साँघुरा छन्, केहीमा सडक नपुगेकाले दमकल खरिद नगरिएको हो । उनले भने' आगलागी हुँदा ट्याक्टरमा पानी लैजाने र स्थानीय, प्रहरीहरुको सहयोगमा निभाउने काम गर्दै आएका छौं ।' पाल्पाको निस्दी, गुल्मीको रुरुक्षेत्र, गुल्मी दरबार, छत्रकोट गाउँपालिकाले भने फायर हाइड्रेन्ट, प्रेसर पम्प जस्ता यन्त्रहरु भने खरिद गरेका छन् । हरेक वर्ष हुने विपद्का घडीमा प्रमुख जिल्ला अधिकारीले जनप्रतिनिधिसँगको छलफलमा पालिकाहरुबिच समन्वय गरेर दमकल किन्न आग्रह गर्छन् । जनप्रतिनिधिहरुले पनि छलफलमा सहमति त जनाउन्छन् तर दमकल किन्न तयार नै हुँदैनन् । विपद् व्यवस्थापनको छलफलमा पाल्पाका प्रमुख जिल्ला अधिकारी आनन्द काफ्लले एउटै पालिकाले नसके अरूसँग मिलेर किन्न अनुरोध गर्दै आए पनि उनको कुरासमेत पालिकाका प्रमुखहरूले सुनेका छैनन् । प्रजि काफ्लले स्थानीय सरकार एक आपसमा समन्वय गरेर दमकल खरिद गरे डढेलो नियन्त्रणमा सहज हुने बताए ।

### विपद् प्रतिकार्य योजना छ, कार्यान्वयन छैन

यहाँका स्थानीय सरकारले विपद् प्रतिकार्य योजना, कार्यविधि र कानुन बनाए पनि कार्यान्वयन गरेका छैनन् । विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन २०७४ अनुसार पालिका प्रमुखको अध्यक्षतामा स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने प्रावधान छ । सोही ऐन अनुसार पालिकाले समिति गठन गरे पनि ठोस काम गर्न सकेका छैनन् । विपद्मा परेका पीडितलाई उद्धार र पुनर्स्थापना गर्ने, विपद्का लागि अत्यधिक जोखिम क्षेत्र पहिचान तथा नक्सांकन गरी जनचेतना फैलाउने, जोखिम घटाउन समय सापेक्ष नीतिगत र संस्थागत संयन्त्रमा सुधार गर्ने, विपद्बाट पीडितलाई आधारभूत आवश्यकताका लागि तत्कालै राहत उपलब्ध गराउने, विकास निर्माण तथा भौतिक संरचनाको निर्माण वातावरणीय दृष्टिले उपयुक्त बनाउन जोड दिने, जोखिम न्यूनीकरणका लागि उपयुक्त सूचना उपलब्ध गराउने लगायतका काम उक्त समितिले गर्नुपर्ने भनिएको छ । तर, ती समितिहरु विपद् परेको बेला बाहेक अन्य समयमा निष्क्रिय छन् ।

### डढेलो निभाउने कार्यविधि छैन

विपद् प्रतिकार्य योजना, कार्यविधि बनाए पनि यहाँका कुनै पनि पालिकाले डढेलो निभाउने कार्यविधि बनाएका छैनन् । विपद् प्रतिकार्य योजनामा डढेलोबाट क्षति भएमा राहत उपलब्ध गराउने भन्ने उल्लेख गरिए पनि डढेलो लाग्न नदिन के गर्ने र लगाउनेहरुलाई कस्तो दण्ड सजायको व्यवस्था गर्ने भन्ने कुरा गरिएको छैन । पछिल्लो समयमा भएका डढेलाका घटनाले डढेलो नियन्त्रण सम्बन्धी छुट्टै कार्यविधि बनाउनुपर्ने महसुस भएको तिनाउ गाउँपालिकाका अध्यक्ष प्रेम श्रेष्ठले बताए । मानविय लापरवाहीका कारण आगलागीका घटना बढ्ने गरेकाले त्यसलाई छुट्टै कार्यविधि बनाउन जरुरी रहेको उनको भनाई छ ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

# सेना रिसाएपछि...

...दरवार गेटदेखी जिल्ला प्रशासन कार्यालय तर्फको ५० मिटर ढुङ्गाको पर्खालको काम लुम्बिनी प्रदेश सरकार अर्न्तगत शहरी विकास तथा भवन डिभिजन कार्यालयले गर्दै आएको छ । दरवार गेटदेखी शितलपाटी तर्फको ७० मिटर ढुङ्गाको पर्खाल शहरी विकास तथा संघीय कार्यान्वयन ईकाई भैरहवाबाट काम भईरहेको छ । दरवारको मुलढोकाको पुननिर्माणको काम भने पुरातत्व विभागबाट भईरहेको छ । काम भए पनि पुरातात्विक शैलीलाई बिर्सेर काममा झारा टार्ने काम भइरहेको स्थानीयको गुनासो छ ।

# पाल्पामा ९ हजार...

...जिल्लामा पहिलो चरणमा जेठ १३ देखि २० सम्म रैनादेवी छहरा, रिब्दीकोट, तानसेन, बगनासकाली, तिनाउ र माथागढीमा खोप लगाइने छ । यस्तै दोस्रो चरणमा जेठ २१ देखि २७ सम्म रम्भा, पूर्वाखोला, रामपुर र निस्दीमा लगाउने तयारी भएको छ । खोप अभियान विद्यालयमा सञ्चालन गरिने छ । खोप कार्यक्रमका लागि जिल्लामा ५ सय २९ खोप केन्द्र निर्धारण गरिएको छ । जसमा ४ सय ४८ विद्यालय र ८१ स्वास्थ्य केन्द्र रहेका छन् । खोप कार्यक्रमका लागि ५ सय २७ स्वास्थ्यकर्मी र ५ सय २९ जना स्वयंसेवक खटिने स्वास्थ्य कार्यालयले जनाएको छ । सरकारले छुटेका बालबालिकालाई लक्षित गरेर खोप कार्यक्रम ल्याएको डा. गिरीले बताए । उनले भने 'यसअघि खोप लगाएकाले पुन: लगाउनु पर्दैन, पोलियो थोपा खुवाइरहेका बालबालिकालाई खोप लगाउन पर्दैन कि भन्ने हुनसक्छ, खोप र पोलियो थोपा फरक हो, पोलियो थोपा खुवाइ रहेकालाई पनि खोप लगाउनुपर्छ ।' कार्यक्रममा जिल्ला खोप समन्वय समितिका संयोजक तथा जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनाल, प्रमुख जिल्ला अधिकारी आनन्द काफ्ले, तानसेन नगरपालिकाकी उपप्रमुख प्रतिक्षा सिंजाली, पत्रकार महासंघका अध्यक्ष रेखीराम राना, महासंघका पूर्व अध्यक्ष गोविन्द भट्टराई लगायतले आइपिभी खोप कार्यक्रम सफल पार्न आ-आफ्नो क्षेत्रबाट सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् । पोलियो रोगविरुद्धको खोप नलगाएमा स्थायीरुपमा पक्षाघात हुन सक्ने स्वास्थ्यकर्मीले बताएका छन् । सबैभन्दा बढी पाँच वर्षसम्मका बालबालिका पोलियो रोगको भाइरसबाट संक्रमित हुन सक्ने जनाइएको छ ।

डढेलोबाट बचौं र बचाऔं ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
डिभिजन वन कार्यालय
तानसेन, पाल्पा

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई